# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

५ नं. प्रदेश, नेपाल

प. सं.: २०७६/०७७
च. नं.: १८६२

मिति: २०७७/०२/३०

## प्रेस विज्ञप्ती

आदरणिय सुनिलस्मृति गाउँवासि तथा आम नेपालीजनहरुमा विश्वभर फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) यस गाउँपालिकामा पनि पोजेटिभ रिपोर्ट आएको कुरा जानकारी गराउदा आफैमा दु:खी भएको कुरा सवैमा जानकारी गराउदछु ।

कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले देश लकडाउन गर्नु अगावै गाउँपालिका बासिलाई कोरोना रोकथामबाट सुरक्षित राख्नका लागि गाउँपालिकाले गरेको गतिविधिहरु बारे यहाँहरु अवगत नै हुनुहुन्छ भन्ने मलाई लागेको छ ।

यस गाउँपालिका अन्तर्गत भारतबाट आउनु भएका ५२९ जनाको स्वाव संकलन गरि पि.सि.आर.को लागि पठाइएको मध्ये हालसम्म ३०७ जनाको पि.सि.आर. रिपोर्ट आएकोमा १७ जना व्यक्तिहरुमा कोरोना पोजेटि रिपोर्ट आएको छ, जसमा गत २३ गते शुक्रवार आएको रिपोर्टमा वडा नं. ५ मा २ जना, वडा नं. ६ मा १ जना, २९ गते आएको रिपोर्टमा वडा नं. ४ मा ७ जना, वडा नं. ७ मा १ जना र वडा नं. ८ मा ६ जना गरि कुल १७ जनामा कोरोना पोजेटिभ रिपोर्ट आएको सवैमा जानकारी गराउदछु, साथै कोरोना पोजेटिभ देखिएका सवै व्यक्तिहरु स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा हुनुहुन्छ भने स्वास्थ्य अवस्था समेत सामान्य रहेको कुरा सवैमा जानकारी गराउदछु ।

अन्त्यमा कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणमा एकजुट भएर स्थानीय सरकारसँग हातेमालो गर्दै अगाडि बढ्न अनुरोध गर्दैछु, कोरोनाबाट सुरक्षित रहन अपरिचित व्यक्तिको सम्पर्कमा नआउन, समाजिक र भौतिक दुरी कायम राख्नु, सतर्कता अपनाउनु, सफा रहनुनै हो साथै गाउँपालिका मुकाम सुलिचौर, रुइनिबाङ बजार क्षेत्रभित्र अनावश्यक भिडभाड देखिएको हुँदा अत्यावश्यक काम वाहेक बजार तथा घर वाहिर ननिस्कनुहुन समेत सवैमा विशेष आग्रह गर्दछु ।

..........................
(गुणेन्द्र घर्ती)
अध्यक्ष

ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०